(२७) उपशीर्षक २००५.२०.१० मा पर्ने वस्तुको स्वदेशी उत्पादनमा प्रति किलो रु.२० अन्तःशुल्क लाग्नेछ।

(२८) उपशीर्षक २१०६.९०.२० र २१०६.९०.६० मा पर्ने वस्तुको स्वदेशी उत्पादनमा क्रमशः प्रति किलो रु.९००।- र प्रति किलो रु.३८५।- अन्तःशुल्क लाग्नेछ।

(२९) उपशीर्षक २२०२.९९.१० मा पर्ने वस्तुको स्वदेशी उत्पादनमा प्रति लिटर रु.५५।-, उपशीर्षक २२०२.९९.२० र २२०२.९९.९० मा पर्ने वस्तुको स्वदेशी उत्पादनमा प्रति लिटर रु.२७।- अन्तःशुल्क लाग्नेछ।

(३०) शीर्षक ३२.०८, ३२.०९ र ३२.१० अन्तर्गत पर्ने वस्तुको स्वदेशी उत्पादनमा १० प्रतिशत अन्तःशुल्क लाग्नेछ। उद्योगले पैठारी गर्ने उपशीर्षक ३२०९.१०.१० मा पर्ने वस्तुमा अन्तःशुल्क १० प्रतिशत लाग्नेछ।

(३१) उपशीर्षक ३९२३.३०.९० मा पर्ने पिउने पानीका जार तथा बोतल, प्रयोगशालामा प्रयोग हुने प्लास्टिकका भेसलहरु, औषधिका बोतल तथा अन्य प्रत्यक्ष कृषिजन्य उत्पादन प्याकिङ गर्ने प्लास्टिकका बोतल तथा भाडाका आन्तरिक उत्पादनमा अन्तःशुल्क लाग्ने छैन।"

**५७. <u>आयकर ऐन, २०५८ मा संशोधन</u> :** आयकर ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) "अन्तर्राष्ट्रिय कारोबार" भन्नाले कुनै पनि व्यक्तिको कम्तीमा एक गैर बासिन्दा व्यक्तिसँग भएको वस्तु, सेवा, वित्त वा अमूर्त वस्तुको कारोबार सम्झनु पर्छ र सो शब्दले आय, खर्च, सम्पत्ति वा दायित्वमा असर गर्ने अन्य कारोबारलाई समेत जनाउँछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (कन) को उपखण्ड (३) पछि देहायको उपखण्ड (४) थपिएको छ :-

"(४) दफा ३३, ३३क. र ३३ख. को प्रयोजनका लागि,-

(क) कुनै निकाय आफैं वा आफूसँग सम्बन्धित अन्य व्यक्ति वा सहयोगी निकाय वा त्यस्ता सहयोगी निकायसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायसँग मिलेर कुनै निकायको आय, पूँजी वा मताधिकारको तीस प्रतिशत वा सोभन्दा बढी हिस्सा नियन्त्रण गर्ने वा सोबाट फाइदा प्राप्त गर्ने निकाय,

(ख) ऋण रकम प्रदान गर्ने कुनै व्यक्तिको कुल सम्पत्तिको कम्तीमा पचास प्रतिशत ऋण रकम प्राप्त गर्ने निकाय,

(ग) कुनै अर्को व्यक्तिको बौद्धिक सम्पत्ति अधिकार, प्राविधिक ज्ञान वा व्यावसायिक अधिकारमा अधिकांश वा पूर्ण रूपमा निर्भर भई आय आर्जन गर्ने निकाय,

(घ) कुनै व्यक्तिलाई आवश्यक पर्ने नब्बे प्रतिशत वा सोभन्दा बढी कच्चा पदार्थ वा उपभोग्य वस्तु आपूर्ति गर्ने निकाय।"

(ग) खण्ड (कन१) मा रहेका "दफा १२, १२क., १२ख. र १२ग." भन्ने शब्दहरुको सट्टा "दफा १२, १२क., १२ख., १२ग. र १२घ." भन्ने शब्दहरु राखिएका छन्।

(घ) खण्ड (कभ) पछि देहायको खण्ड (कभ१) थपिएको छ :-

"(कभ१) "सेफ हार्बर रुल" भन्नाले हस्तान्तरण मूल्यलाई सामान्य बजार व्यवहार मूल्यको रुपमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वीकार गर्ने दफा ३३क. मा उल्लिखित अवस्था सम्झनु पर्छ।"

(२) दफा ५ मा रहेको "१२ग," भन्ने शब्द पछि देहायको "१२घ." भन्ने शब्द थपिएको छ।

(३) दफा ८ को उपदफा (३) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :-

"(ङ) सूचना प्रविधि उद्योगमा रोजगारी गरेर पारिश्रमिक बापत प्राप्त हुने स्वेट शेयर बराबरको रकम।"

(४) दफा १० को,-

(क) खण्ड (झ) पछि देहायका खण्ड (झ१), (झ२) र (झ३) थपिएका छन् :-

"(झ१) कुनै प्राकृतिक व्यक्तिले आफ्नो स्वामित्वको जग्गा वा निजी भवन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई निःशुल्क प्रदान गर्दा त्यस्तो जग्गा वा निजी भवनको निःसर्गबाट प्राप्त आय,

(झ२) मुनाफा नकमाउने उद्देश्यले विदेशी सरकारको पूर्ण स्वामित्वमा स्थापित वित्तीय संस्थाले नेपालमा ऋण लगानी गरी प्राप्त गरेको ब्याज आय,

(झ३) जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्य बमोजिम आर्जन गरेको रकम,"

(ख) खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छ :-

"(ठ१) नेपालमा स्थापना भई सञ्चालनमा रहेको विश्वविद्यालयले आफ्नो उद्देश्य बमोजिम आर्जन गरेको रकम,"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) दफा ११ को,-

(क) उपदफा (२क) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर ब्याज रकम पच्चिस हजार रुपैयाँभन्दा बढी भएमा त्यस्तो बढी भएको ब्याज रकममा कर लाग्नेछ।"

(ख) उपदफा (३ल) पछि देहायको उपदफा (३व) थपिएको छ :-

"(३व) महानगरपालिका र उपमहानगरपालिका बाहेकका क्षेत्रमा स्थापित चलचित्र घरलाई व्यावसायिक कारोबार शुरु गरेको मितिले दश वर्षसम्म कर छुट हुनेछ।"

(ग) उपदफा (६) पछि रहेको स्पष्टीकरणको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "कृषि व्यवसाय" भन्नाले बालीनाली, फलफूल खेती, पशुपंक्षी पालन, मत्स्यपालन र मौरीपालन व्यवसाय सम्झनु पर्छ।"

(६) दफा १२ को उपदफा (२) मा रहेका "एक लाख रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "तीन लाख रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा १२ग. पछि देहायको दफा १२घ. थपिएको छ :-

"**१२घ. <u>व्यावसायिक सामाजिक जिम्मेवारीमा गरेको खर्च</u> :** कुनै व्यक्तिले कुनै आय वर्षमा प्रचलित कानून बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनको लागि खर्च गरेको रकम सोही वर्षको करयोग्य आय गणना गर्दा घटाउन सक्नेछ।

तर त्यस्तो रकम सो आय वर्षको जम्मा करयोग्य आयको एक प्रतिशत भन्दा बढी हुने छैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) दफा २१ को,-

(क) उपदफा (२) मा रहेका "कुनै आय वर्षमा बिस लाख रुपैयाँ भन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले देहायका अवस्थामा बाहेक सो आय वर्षमा एक पटकमा पचास हजार" भन्ने शब्दहरूको सट्टा "कुनै व्यक्तिले देहायका अवस्थामा बाहेक सो आय वर्षमा एक पटकमा पच्चिस हजार" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (३) को स्पष्टीकरणको खण्ड (घ) मा रहेका "देहाय बमोजिमका खर्च" भन्ने शब्दहरूको सट्टा "शेयर वा ऋणपत्र निष्काशन गर्दा लागेको खर्च बाहेक देहाय बमोजिम खर्च" भन्ने शब्दहरू राखिएका छन्।

(९) दफा ३३ पछि देहायका दफा ३३क. र ३३ख. थपिएका छन् :-

"**३३क. <u>सेफ हार्बर रुल सम्बन्धी विशेष व्यवस्था</u> :** (१) दफा ३३ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक अर्ब रुपैयाँसम्मको वार्षिक कारोबार गर्ने उपदफा (३) बमोजिमको शर्त पूरा गर्ने व्यक्तिले नियन्त्रित कारोबारको सामान्य बजार व्यवहार (आर्म्स लेन्थ) मूल्य निर्धारणका लागि सेफ हार्बर रुलको व्यवस्था छनौट गर्न पाउनेछ।

(२) उपदफा (१) बमोजिम सेफ हार्बर रुलको व्यवस्था छनौट गरेको व्यक्तिले आय विवरण पेस गरेमा विभागले हस्तान्तरण मूल्यलाई सामान्य बजार व्यवहार मूल्यको रुपमा स्वीकार गर्नेछ।

(३) सेफ हार्बरको व्यवस्था छनौट गर्न देहायका कुनै शर्त पूरा गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सूचना प्रविधि सेवा निर्यातको सञ्चालन खर्चमा कम्तीमा पन्ध्र प्रतिशत सञ्चालन मुनाफा दर कायम गरेको,

(ख) अन्तर-समूह ऋण (विदेशी मुद्रामा) को ब्याजदर तोकिएको सन्दर्भ दरमा दुइसय देखि चारसय आधार विन्दु थप गरी कायम गरिएको, वा

(ग) विभागले तोके बमोजिमका कम मूल्य अभिवृद्धि हुने सेवाको कुल लागतमा बढीमा पाँच प्रतिशत मुनाफा थप गरिएको।

(४) यस दफा बमोजिम एक पटक सेफ हार्बर रुलको विकल्प छनौट गरेपछि कारोबारको प्रकृति र परिस्थितिमा तात्विक परिवर्तन नभएसम्म त्यस्तो व्यवस्था लगातार पाँच आय वर्षसम्म लागू हुनेछ।

(५) यस दफा बमोजिम सेफ हार्वर रुल कार्यान्वयन सम्बन्धी कार्यविधि विभागले निर्धारण गरे बमोजिम हुनेछ।

**३३ख. <u>अग्रीम मुल्य निर्धारण सम्झौता गर्न सक्ने</u> :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विभागले कुनै करदाताको सम्बन्धमा सम्वद्ध व्यक्तिबीच हुने अन्तर्राष्ट्रिय कारोबारको सामान्य बजार व्यवहार मूल्य निर्धारण गर्ने आधार र विधिको सम्बन्धमा अग्रीम मूल्य निर्धारण सम्झौता गर्न सक्नेछ।

(२) नेपाल सरकारले कुनै विदेशी मुलुकसँग दफा ७३ बमोजिम गरेको दोहोरो कर मुक्ति सम्झौतामा उल्लिखित पारस्परिक सहमति प्रक्रिया अन्तर्गत नेपालको सक्षम अधिकारीले सम्बन्धित विदेशी मुलुकको सक्षम अधिकारीसँग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समन्वय गरी द्विपक्षीय वा बहुपक्षीय रुपमा उपदफा (१) बमोजिमको सम्झौता गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको सम्झौतामा अन्तर्राष्ट्रिय कारोबारको मूल्य निर्धारण गर्नका लागि अवलम्बन गरिने विधि, तुलनात्मक तथ्याङ्क र अन्य आवश्यक शर्तहरू उल्लेख गर्नु पर्नेछ। त्यसरी सम्झौता गरिएको विधि र प्रक्रिया बमोजिम निर्धारण गरिएको मूल्यलाई यस ऐनको प्रयोजनका लागि सामान्य बजार व्यवहार मूल्य मानिनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम गरिएको सम्झौता त्यस्तो सम्झौतामा उल्लेख भएको अवधिभर लागू हुनेछ। त्यस्तो अवधि लगातार पाँच आय वर्षभन्दा बढी हुने छैन।

(५) उपदफा (१) वा (२) बमोजिम सम्झैता गर्दा आपसी सहमतिमा त्यस्तो सम्झौता हुनुभन्दा तत्काल अघिका बढीमा चार आय वर्षका अन्तर्राष्ट्रिय कारोबारमा समेत लागू हुने गरी रोलब्याक सम्बन्धी व्यवस्था समावेश गर्न सकिनेछ।

(६) यस दफा बमोजिम गरिएको सम्झौता दुवै पक्षका लागि बाध्यकारी हुनेछ।

तर सम्झौतामा उल्लिखित शर्त वा कानूनी व्यवस्थामा तात्विक परिवर्तन आएमा त्यस्तो सम्झौता बाध्यकारी हुने छैन।

(७) कुनै व्यक्तिले जालसाजी गरी, तथ्य फरक पारी वा गलत विवरण पेश गरी सम्झौता गरेको प्रमाणित भएमा विभागले त्यस्तो सम्झौतालाई प्रारम्भ देखि नै लागू नहुने गरी बदर गर्न सक्नेछ। त्यसरी बदर गरेको सूचना सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) यस दफा बमोजिम सम्झौता गर्न चाहने व्यक्तिले तिर्नुपर्ने शुल्क तोकिए बमोजिम हुनेछ।

(९) यस दफा बमोजिमको सम्झौताको लागि दिइने निवेदनको ढाँचा, कागजात, सम्झौताको नवीकरण तथा अन्य कार्यविधि विभागले तोके बमोजिम हुनेछ।"

(१०) दफा ४७क. झिकिएको छ।

(११) दफा ५७ को उपदफा (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर स्टार्टअप भेञ्चर क्यापिटल र प्राइभेट इक्विटी फण्डमा साबिकका शेयरवाला तथा साझेदारको शेयर सङ्ख्या र पुँजी यथावत रही नयाँ शेयरवाला तथा साझेदार थप भई पुँजी वृद्धि भएको अवस्था वा निकायको हिताधिकारीको मृत्युका कारण उक्त निकायमा रहेको हितको अस्वेच्छिक निःसर्ग भई कानूनी हकवालालाई हस्तान्तरण भएको वा बासिन्दा निकायको स्वामित्व परिवर्तन भई सोही कारण उक्त निकायको हित रहेको अर्को बासिन्दा निकायको स्वामित्व परिवर्तन भएको अवस्थामा यो दफा आकर्षित हुने छैन।"

(१२) दफा ५९ को उपदफा (१क) मा रहेका "सञ्चालन गर्ने" भन्ने शब्दहरू पछि "वा नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति लिई हायर पर्चेज कारोबार गर्ने" भन्ने शब्दहरू थपिएका छन्।

(१३) दफा ७२ को उपदफा (२) मा रहेका "मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यलाय वा करदाता सेवा कार्यालय" भन्ने शब्दहरूको सट्टा "मध्यमस्तरीय करदाता कार्यालय वा आन्तरिक राजस्व कार्यालय" भन्ने शब्दहरू राखिएका छन्।

(१४) दफा ७५ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) बमोजिम विभागले गरेको व्याख्या अन्तिम हुनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१५) दफा ८१ को,-

(क) उपदफा (१) को खण्ड (क) मा रहेका "पुष्टयाई गर्ने" भन्ने शब्दहरू पछि "बीजक लगायत" भन्ने शब्दहरू थपिएका छन्।

(ख) उपदफा (४) मा रहेका "विद्युतीय माध्यमबाट राख्न स्वीकृति दिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "विद्युतीय माध्यमबाट राख्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

(ग) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले सूचना प्रकाशन गरी त्यस्तो सूचनामा तोकिएको करदातालाई अनिवार्य रूपमा विद्युतीय माध्यमबाट बीजक जारी गरी विभागको केन्द्रीय बीजक अनुगमन प्रणाली (सिबिएमएस) मा आबद्ध गर्न वा विभागले उपलब्ध गराएको विलिङ प्रणाली प्रयोग गरी विद्युतीय विजक जारी गर्न आदेश दिन सक्नेछ।"

(घ) उपदफा (६) मा रहेका "त्यस्तो कार्यविधि सम्बन्धित उत्पादक, वितरक र प्रयोगकर्ताले पालना गर्नु पर्नेछ।" भन्ने शब्दहरू झिकिएका छन्।

(१६) दफा ८२ पछि देहायको दफा ८२क. थपिएको छ :-

"**८२क.** **<u>सूचना वा विवरण प्राप्त गर्न सक्ने</u>** : यस ऐनको कार्यान्वयनका लागि प्रचलित कानूनको अधीनमा रही नेपालमा अवस्थित कुनै पनि व्यक्तिको स्वयम् वा त्यस्ता व्यक्तिको ग्राहक वा कर्मचारी वा सेवाग्राही वा सदस्य वा त्यस्ता व्यक्तिको तथ्याङ्क, सूचना र अभिलेख रहेको अन्य कुनै व्यक्तिको आर्थिक कारोबारसँग सम्बन्धित सूचना वा विवरण विभागले विद्युतीय माध्यमबाट प्राप्त गर्न सक्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१७) दफा ८८ को उपदफा (१) मा रहेका "तथा अवकाश भुक्तानी" भन्ने शब्दहरू झिकी सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१३) पछि देहायको खण्ड (१४) थपिएको छ :-

"(१४) बासिन्दा प्राकृतिक व्यक्ति रहेको बीमा अभिकर्तालाई भुक्तानी गरेको सेवा शुल्क वा कमिशनमा बिस प्रतिशतका दरले।"

(१८) दफा ८८क. को,-

(क) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "विज्ञान, प्रविधि तथा" भन्ने शब्दहरूको सट्टा "विज्ञान, प्रविधि, कृषि तथा" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "विज्ञान, प्रविधि तथा" भन्ने शब्दहरूको सट्टा "विज्ञान, प्रविधि, कृषि तथा" भन्ने शब्दहरू राखिएका छन्।

(१९) दफा ८९ को उपदफा (३क) झिकिएको छ।

(२०) दफा ९२ को उपदफा (१) को खण्ड (ञ) पछि देहायका खण्ड (ञ१) र (ञ२) थपिएका छन् :-

"(ञ१) दफा ९५क. को उपदफा (२) र (५) बमोजिम आय विवरण पेश गर्न नचाहने बासिन्दा प्राकृतिक व्यक्ति र गैर बासिन्दा व्यक्तिको लाभ रकम, उपदफा (६ख.), (६ग.) तथा (६घ.) बमोजिम विदेशी मुद्रामा भुक्तानी र उपदफा (६ङ) बमोजिमको सेवा बापतको भुक्तानी,

(ञ२) बासिन्दा प्राकृतिक व्यक्ति विमा अभिकर्तालाई भुक्तानी गरेको सेवा शुल्क वा कमिशन।"

(२१) दफा ९५क. को,-

(क) उपदफा (२) को खण्ड (क) मा रहेका "पाँच प्रतिशत" भन्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शब्दहरूको सट्टा "सात दशमलव पाँच प्रतिशत" भन्ने शब्दहरू र सोही खण्डमा रहेका "सात दशमलव पाँच प्रतिशत" भन्ने शब्दहरूको सट्टा "दश प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (५) मा रहेका "मालपोत कार्यालयले रजिस्ट्रेशनका बखत" भन्ने शब्दहरूको सट्टा "रजिष्ट्रेशन गर्ने निकायले रजिष्ट्रेशनका बखत" भन्ने शब्दहरू राखी सोही उपदफाको,-

(१) खण्ड (क) मा रहेका "पाँच प्रतिशत" भन्ने शब्दहरूको सट्टा "सात दशमलव पाँच प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) नेपाल सरकारको निर्णयबाट कुनै प्राकृतिक व्यक्तिको जग्गा अधिग्रहण हुने भै अस्वेच्छिक रुपमा निःसर्ग भएको गैरव्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा भवन) को हकमा दुई दश दशमलव पाँच प्रतिशतका दरले,"

(३) खण्ड (ख) मा रहेका "सात दशमलव पाँच प्रतिशत" भन्ने शब्दहरूको सट्टा "दश प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(ग) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राकृतिक व्यक्तिले आफ्नो स्वामित्वको जग्गा वा निजी भवन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई निःशुल्क प्रदान गर्दा सो जग्गा वा निजी भवनको निःसर्गमा पुँजीगत लाभकर असुल गर्नु पर्ने छैन।"

(घ) उपदफा (६) मा रहेका "मालपोत कार्यालयले रजिष्ट्रेशनका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बखत" भन्ने शब्दहरूको सट्टा "रजिष्ट्रेशन गर्ने निकायले रजिष्ट्रेशनका बखत" भन्ने शब्दहरू राखिएका छन्।

(ङ) उपदफा (६ङ) पछि देहायको उपदफा (६च) थपिएको छ :-

"(६च) बासिन्दा राइड-सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति (राइड- सेयरिङ अपरेटर) ले आफ्नो प्लेटफर्ममा आबद्ध भई कुनै सेवा प्रदान गर्ने प्राकृतिक व्यक्तिलाई प्रदान गरेको सेवा बापतको रकममा एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ।"

(२२) दफा ९७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

(१) दफा ९६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै पनि व्यक्तिले आय विवरण पेश गर्नु पर्ने छैन :-

(क) त्यस्तो आय वर्षमा दफा ३ को खण्ड (क) मा उल्लिखित व्यक्तिमध्ये कर तिर्नु नपर्ने कुनै व्यक्ति,

(ख) त्यस्तो आय वर्षमा दफा ३ को खण्ड (ग) मा उल्लिखित व्यक्ति,

(ग) त्यस्तो आय वर्षमा दफा ४ को उपदफा (३) आकर्षित हुने कुनै बासिन्दा प्राकृतिक व्यक्ति,

(घ) अनुसूची-१ को दफा १ को उपदफा (१३) बमोजिम कर दाखिला गर्ने सवारी साधन धनी एकलौटी फर्म बाहेकको प्राकृतिक व्यक्ति भएमा त्यस्तो प्राकृतिक व्यक्ति,

(ङ) विभागले तोकेका व्यक्ति।

तर विभागले लिखित रूपमा आदेश दिई वा सार्वजनिक रूपमा सूचना प्रकाशन गरी त्यस्तो व्यक्तिलाई आय विवरण पेश गर्नु पर्ने गरी तोक्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सक्नेछ।

(२३) दफा १०१ को उपदफा (३) मा रहेका "चार वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "तीन वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(२४) दफा ११३ को उपदफा (४) मा रहेका "दुई वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(२५) दफा ११९क को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) दफा ८१ को उपदफा (४) बमोजिम विद्युतीय बीजक जारी गर्ने करदाताले तथ्याङ्क मेट्न वा सच्याउन सकिने सफ्टवेयर प्रयोग गरेमा पाँच लाख रुपैयाँ र सोही दफाको अन्य व्यवस्था पालना नगरेमा एक लाख रुपैयाँ शुल्क लाग्नेछ।"

(२६) अनुसूची-१ को दफा १ को दफा शीर्षकमा रहेका “प्राकृतिक व्यक्तिको” भन्ने शब्दहरुको सट्टा “प्राकृतिक व्यक्ति वा दम्पतीको” भन्ने शब्दहरु राखी सोही दफाको,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

“(१) कुनै आय वर्षमा बासिन्दा प्राकृतिक व्यक्ति वा दम्पत्तिको करयोग्य आयमा यस अनुसूचीको उपदफा (४) र (४क) को अधीनमा रही देहाय बमोजिमको दरले कर लाग्नेछ :-

(क) दश लाख रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा एक प्रतिशत,

तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा यस खण्ड बमोजिमको कर लाग्ने छैन।

(ख) दश लाख रुपैयाँभन्दा बढी तर पन्ध्र लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (क) बमोजिम दश लाख रुपैयाँसम्म दश हजार रुपैयाँ र दश लाख रुपैयाँभन्दा बढी करयोग्य आयमा दश प्रतिशत,

(ग) पन्ध्र लाख रुपैयाँभन्दा बढी तर पच्चिस लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (ख) बमोजिम पन्ध्र लाख रुपैयाँसम्म साठी हजार रुपैयाँ र पन्ध्र लाख रुपैयाँभन्दा बढी करयोग्य आयमा बिस प्रतिशत,

(घ) पच्चिस लाख रुपैयाँभन्दा बढी करयोग्य आय भएमा खण्ड (ग) बमोजिम पच्चिस लाख रुपैयाँसम्म दुई लाख साठी हजार रुपैयाँ र पच्चिस लाख रुपैयाँभन्दा बढी करयोग्य आयमा सत्ताईस प्रतिशत, र

(ङ) चालिस लाख रुपैयाँभन्दा बढी करयोग्य आय भएमा बढि भए जति करयोग्य आयमा खण्ड (घ) बमोजिम लागेको करको दरमा थप दुई प्रतिशत विन्दुले अतिरिक्त कर।"

(ख) उपदफा (२) झिकिएको छ।

(ग) उपदफा (३) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क) बासिन्दा प्राकृतिक व्यक्ति वा दम्पतीको सम्बन्धमा कुनै आय वर्षमा दस लाख रुपैयाँ भन्दा बढी आय भएको,"

(घ) उपदफा (४) को,-

(१) खण्ड (क) मा रहेका "वा (२)" भन्ने शब्दहरु झिकी सोही खण्डको उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छ :-

"(२) प्राकृतिक व्यक्ति वा दम्पती सम्बन्धमा दशलाख रुपैयाँ।"

(२) खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको,-

(अ) खण्ड (१) मा रहेका "पाँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "सात दशमलब पाँच प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(आ) खण्ड (२) मा रहेका "सात दशमलब पाँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "दश प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(इ) खण्ड (३) मा रहेका "पाँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "सात दशमलब पाँच प्रतिशत" भन्ने शब्दहरु राखी सोही खण्डमा रहेका "सात दशमलब पाँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "दश प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(ङ) उपदफा (९क) को सट्टा देहायको उपदफा (९क) राखिएको छ :-

"(९क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तभरण आय रहेछ भने प्राकृतिक व्यक्ति वा दम्पत्तिको लागि उपदफा (१) को खण्ड (क) मा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उल्लिखित रकमको पच्चिस प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा यस दफा बमोजिम करको गणना गरिनेछ।

तर यसरी घटाइने रकमको सीमा तोकिए बमोजिमभन्दा बढी हुने छैन।"

(च) उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छ :-

"(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्ति अपाङ्गता भएको रहेछ भने त्यस्तो प्राकृतिक व्यक्ति वा दम्पत्तिको लागि उपदफा (१) को खण्ड (क) मा उल्लिखित रकमको पचास प्रतिशत थप रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा यस दफा बमोजिम करको गणना गरिनेछ।"

(छ) उपदफा (१३) को सट्टा देहायको उपदफा (१३) राखिएको छ :-

"(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भाडाका सवारी साधन धनीबाट यातायात व्यवस्था कार्यालय मार्फत सवारी साधन दर्ता वा नवीकरणका बखत देहाय बमोजिमको वार्षिक आयकर असुल गरिनेछः-

| सवारीको किसिम | प्रति सवारी साधनमा बुझाउनु पर्ने वार्षिक कर |
|---|---|
| (१) कार, जिप, भ्यान, माइक्रो बस | |
| (क) १३०० सी.सी.सम्म | रु.६,५००।- |
| (ख) १३०० सी.सी. भन्दा माथि २००० | रु.७,०००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| सी.सी. सम्म | |
| (ग) २००० सी.सी. भन्दा माथि २९०० सी.सी. सम्म | रु.७,५००।- |
| (घ) २९०० सी.सी. भन्दा माथि ४००० सी.सी. सम्म | रु.९,५००।- |
| (ङ) ४००० सी.सी. भन्दा माथि सबै | रु.११,०००।- |
| (२) मिनीट्रक, मिनीबस, पानी टेङ्कर | रु.९,५००।- |
| (३) मिनी ट्रिपर | रु.११,०००।- |
| (४) ट्रक, बस | रु.१२,५००।- |
| (५) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.१७,५००।- |
| (६) तेल टैङ्कर,ग्यास बुलेट, टिपर | रु.१७,५००।- |
| (७) ट्रेक्टर | रु.३,५००।- |
| (८) पावर टिलर | रु.३,०००।- |
| (९) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो | रु.३,५००।- |
| (१०) विद्युतीय सवारी साधन | |
| (क) ५० किलोवाटसम्म | रु.४,०००।- |
| (ख) ५० किलोवाट भन्दा माथि १२५ किलोवाटसम्म | रु.५,०००।- |
| (ग) १२५ किलोवाट भन्दा माथि २०० किलोवाटसम्म | रु.७,५००।- |
| (घ) २०० किलोवाटभन्दा माथि सबै | रु.९,५००।- |
| विद्युतीय ई-रिक्सा | ३,५००।- |
| दुई पाङ्ग्रे सवारी साधन | ३,०००।- |

(ज) उपदफा (१६क) मा रहेका "पाँच हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दश हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) उपदफा (१६क) पछि देहायको उपदफा (१६ख) थपिएको छ :-

"(१६ख) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले आफ्नो सन्ततिको शिक्षाका लागि बासिन्दा व्यक्तिलाई शिक्षण शुल्क बापत भुक्तानी गरेको वार्षिक रकमको पच्चीस प्रतिशत वा पच्चीस हजार रूपैयाँमा जुन घटी हुन्छ त्यस्तो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा यस दफा बमोजिम करको गणना गरिनेछ।"

**५८. <u>भन्सार महसुल ऐन, २०८१ मा संशोधन</u>** : भन्सार महसुल ऐन, २०८१ को,-

(१) दफा १३ को उपदफा (५) मा रहेका "तोकिए बमोजिम मन्त्रालयले" भन्ने शब्दहरूको सट्टा "तोकिए बमोजिमको अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १४, १५ र १६ को ठाउँ ठाउँमा रहेका "कच्चापदार्थ" भन्ने शब्दहरूको सट्टा "कच्चापदार्थ वा सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत)" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा २८ पछि देहायको दफा २८क. थपिएको छ :-

"**२८क. <u>प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन</u>** : यस ऐन बमोजिम भन्सार अधिकृतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन गर्न सक्नेछ।"

(४) अनुसूची-२ का शीर्षक, उपशीर्षक, वस्तुको विवरण र अन्य व्यवस्थाहरूमा देहाय बमोजिम संशोधन र थप गरी निकासी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।